# बालबेचबिखन



## समस्या

बालबेचबिखन भनेको बालक वा बालिकाको दुरूपयोगको उद्देश्यका साथ गरिने उनीहरूको बालसैन्य भर्ती, ओसारपसार गर्ने कार्य हो । बेचबिखनमा पारिएका बालबालिकालाई प्रायसः श्रमशोषण, यौनव्यवसाय, लागूपदार्थ ओसारपसार जस्ता कार्य गर्नुका साथै सैन्य/सशस्त्र समूहमा भर्ना हुन वाध्य पारिन्छ । प्रत्येक वर्ष विश्वभरीमा दश लाख भन्दा बढी बालबालिकाहरू बेचबिखनमा पर्ने गर्दछन् ।

## चुनौती

तपाईंको समुदायमा बालबेचबिखनसम्बन्धी जनचेतना बढाउनुहोस ।

तपाईंले तल उल्लेखित सुझावहरूलाई पनि प्रयोगमा ल्याउन सक्नुहुन्छः

- बालबेचबिखनसम्बन्धी सडक नाटक गर्न सक्नुहुन्छ ।
- बालबेचबिखनसम्बन्धी आफ्ना भनाई राख्न स्थानीय प्रहरी र सहयोगी संस्थालाई तपाईंको स्थानीय बालक्लबमा बोलाउन सक्नुहुन्छ ।
- तपाईंको समुदायका नेताहरूलाई बालबेचबिखनका जोखिमहरूकाबारे अभिभावकहरूसँग कुरा गर्न आग्रह गर्न सक्नुहुन्छ ।



# तपाईंको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ । तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः बालबेचबिखनका कारण तपाईंको समुदायमा के–कस्ता प्रकारका जोखिमहरू आउन सक्छन्? तपाईंले र तपाईंका साथीहरूले आफूलाई बेचबिखनबाट कसरी जोगाउन सक्नुहुन्छ? तपाईंको समुदायमा तपाईंलाई सुरक्षित राख्न के कस्ता स्रोत सामग्रीहरू उपलब्ध छन् ?

# शारीरिक दुर्व्यवहार



## समस्या

शारीरिक दुर्व्यवहार एक प्रकारको बालबालिका विरूद्ध हुने हिंसा हो । यो जहाँ पनि हुनसक्छ-घरमा, विद्यालयमा, काम गर्ने ठाउँमा अथवा तपाईंको समुदायको कुनैपनि ठाउँमा । कुनैपनि प्रकारको हानी नोक्सानीबाट सुरक्षित रहनु प्रत्येक बालबालिकाको अधिकार हो ।

## चुनौती

शारीरिक दुर्व्यवहार र घरेलु हिंसाको नकरात्मक असरहरूबारे तपाईंको समुदायमा जनचेतना बढाउनुहोस् ।

तपाईंले निम्न प्रकारका विचारहरू/तरिकाहरू प्रयोग गर्न सक्नुहुन्छः

- ★ बालबालिका माथि दुर्व्यवहार गर्ने अभिभावकहरूको नकरात्मक सोचलाई प्रष्ट्याउने गरी एउटा नाटक तयार पार्नुहोस् ।
- ★ समुदायका नेताहरूसंग बालबालिका माथि हुने शारीरिक दुर्व्यवहारको नकरात्मक असर बारे कुरा गर्नुहोस र सामुदायीक मञ्चमा छलफल गर्न आग्रह गर्नुहोस ।
- ★ शारीरिक दुर्व्यवहार तथा शारीरिक दण्डको हानिकारक प्रभावको बारेमा पर्चा बनाइ वितरण गर्नुहोस ।



# तपाईंको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ । तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंको समुदायमा के कस्तो शारीरिक दुर्व्यवहार हुने गरेको देख्नु भएको छ ? तपाईं र तपाईंका साथीहरूले कसरी शारीरिक दुर्व्यवहारबाट आफुलाई बचाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्ता श्रोत उपलब्ध छन् ?

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

# बालश्रम शोषण



# समस्या

बालश्रम शोषण बालबालिका विरूद्ध हुने एक किसिमको हिंसा हो । यदि कुनै पनि कामले बालबालिकाको क्षमता विकासमा समस्या हुन्छ अथवा उनीहरूको शारीरिक तथा मानसिक विकासमा हानी पुऱ्याउँदछ भने उक्त बालश्रम चर्चाको विषय हुनुपर्दछ । संसारभरी करिब २१ करोड पचास लाख बालबालिका विभिन्न प्रकारका जोखिमपूर्ण श्रममा लागेका छन् ।

# चुनौती

तपाईंको घर, विद्यालय, कार्यस्थल, वा समुदायमा बालश्रमको बारेमा कुराकानी गर्न शुरू गर्नुहोस् । यसका लागि तपाईंले निम्न प्रकारका सुझावहरूलाई प्रयोग गर्नसक्नु हुनेछः

- बालश्रमको बारेमा चेतनामूलक सामग्री तयार पार्नुहोस र स्थानीय रेडियो स्टेशनलाई प्रसारण गर्न आग्रह गर्नुहोस् ।
- स्थानीय नेताहरूलाई यस समस्याकाबारे सचेत गर्नको लागि पत्र लेखन अभियान शुरू गर्नुहोस् ।
- स्थानीय पसल-पसलमा गएर बालश्रमका समस्याहरूमा जानकारी दिन बनाइएको पर्चा वितरण गर्नुहोस् ।



# तपाईंको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ । तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंले आफ्नो समुदायमा बालश्रमबाट हुने के कस्ता जोखिम आउन सक्छन् ? तपाईं र तपाईंका साथीहरूले कसरी आफुलाई बालश्रमबाट जोगाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्तो श्रोत उपलब्ध छन् ?

# बालयौन दुर्व्यवहार



## समस्या

बालयौन दुर्व्यवहार बालबालिका विरूद्ध हुने हिंसाको एक स्वरूप हो । बालयौन दुर्व्यवहार भित्र बलात्कार, यौनजन्य फाइदा लिनु, यौनांगमा छुनु, र यौन शोषण आदि पर्दछन् । घर, विद्यालय, कार्यस्थल र समुदाय बालयौन दुर्व्यवहार हुने क्षेत्रहरू हुन् । बालयौन दुर्व्यवहारको शिकार बालक तथा बालिका दुवै हुन सक्छन् ।

## चुनौती

तपाईंको घर, विद्यालय, कार्यस्थल, वा समुदायमा यौन दुर्व्यवहारकोबारेमा कुराकानी गर्न शुरू गर्नुहोस् । यसका लागि तपाईंले निम्न प्रकारका सुझावहरूलाई प्रयोग गर्नसक्नु हुनेछः

- बालबालिका तथा युवाको धारणालाई सम्बोधन गर्ने प्रकारको यौन दुर्व्यवहारबारे पोस्टर बनाउन सक्नुहुनेछ ।
- तपाईंको विद्यालय अथवा बाल क्लवमा "यौन दुर्व्यवहार विरूद्ध" समूह गठन गर्न सक्नुहुनेछ जहाँ बालबालिकाले यौन दुर्व्यवहारबाट बच्ने तरिकाबारे छलफल गर्नसक्नेछन् ।
- यौन दुर्व्यवहार रोक्नको लागि कार्यरत समुदायिक संस्था पहिचान गरी सो संस्थाका प्रतिनिधिलाई आप्नो विद्यालय, कार्यस्थल, र समुदायमा बोल्न आग्रह गर्न सक्नुहुनेछ ।



# तपाईंहरूको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ। तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंको समुदायमा बालबालिका संग सम्बन्धित के कस्तो यौन दुर्व्यवहारको घटना देख्नु भएको छ? तपाईं र तपाईंका साथीहरूले कसरी आफुलाई यौन दुर्व्यवहारबाट जोगाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्तो श्रोत उपलब्ध छन् ?

# लागूपदार्थ दुर्व्यसन



# समस्या

लागूपदार्थ दुर्व्यसन र लागुपदार्थको ओसारपसार समुदायमा जल्दो बल्दो समस्याका रूपमा अगाडि आएको छ । सडक बालबालिकालाई उनीहरूले कहिले नपाएका विभिन्न प्रकारका सहयोगको लोभ देखाउदै लागुपर्दाथका व्यापारीले उनीहरूलाई प्रयोग गर्छन । लागुपदार्थसँग सम्बन्धित हिंसा र लागूपदार्थ दुर्व्यसनले गर्दा बालबालिको स्वास्थ्य तथा समुदायमा डरलाग्दो असर पारेको छ ।

# चुनौती

तपाईंको घर, विद्यालय, कार्यस्थल, वा समुदायमा लागुपर्दाथको हानीकारक प्रभावबारे कुराकानी गर्न शुरू गर्नुहोस् । यसका लागि तपाईंले निम्न प्रकारका सुझावहरूलाई प्रयोग गर्नसक्नु हुनेछः

- स्थानीय गायक वा सांगितिक समूहको प्रयोग गरि लागुपर्दाथ दुर्व्यसन सम्बन्धि जनचेतना जगाउने सांगितिक कार्यक्रमको आयोजन गर्नसक्नुहुन्छ ।
- लागूपदार्थको समुदायमा हुने नकारात्मक प्रभावका बारे पोस्टर बनाई त्यसलाई टाँस्न सक्नुहुन्छ । यी पोस्टरहरू तपाईंको साथीहरू घुम्ने र खेल्ने ठाउँमा टाँस्न सक्नुहुन्छ ।
- तपाईंको समुदायमा भएका बालबालिकामा हुने लागूपदार्थको प्रभावका बारे एउटा लेख लेख्न सक्नु हुन्छ । स्थानिय पत्रिकामा यसलाई प्रकाशित पनि गराउन सक्नुहुन्छ ।



# तपाईंहरूको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ । तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंको समुदायमा लागु पर्दाथ दुर्व्यसनको कारणले गर्दा बालबालिकाहरू के कस्ता प्रकारका हिंसामा परेका छन्? तपाईं र तपाईंका साथीहरूले कसरी आफुलाइ लागुपर्दाथ दुर्व्यसनबाट जोगाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्ता श्रोत उपलब्ध छन् ?

# बाल विवाह



## समस्या

हरेक वर्ष १ करोड बालिका १८ वर्ष नपुग्दै वैवाहिक वन्धनमा बाँधिने गरेका छन् । बाल विवाह बालबालिका विरूद्ध हुने एक किसिमको हिंसा हो । जो बालिकाहरू छिटो विवाह बन्धनमा बाँधिन्छन्, उनीहरू आफ्नो क्षमता अनुसारको शाररिक र मानसिक विकास गर्न र गरिबीको खाडलबाट निस्कने अवसरबाट बञ्चित हुन्छन् ।

## चुनौती

तपाईंको समुदायमा बाल विवाहको बारेमा कुराकानी गर्न शुरू गर्नुहोस् । यसका लागि तपाईंले निम्न प्रकारका सुझावहरूलाई प्रयोग गर्नसक्नु हुनेछः

- बाल विवाहको बारेमा जनचेतना अभिवृद्धि गर्न घरदैलो अभियान चलाउन सक्नुहुनेछ ।
- तपाईंको बाल क्लवको अध्यक्ष वा संयोजकलाई त्यस समुदायका नेताहरूसँग वालविवाहकोबारे कुरा गर्न लगाउन सक्नु हुन्छ ।
- बाल विवाहका बारेमा नाटक तयार पारि तपाईंको समुदायमा प्रस्तुत गर्नसक्नु हुन्छ ।



# तपाईंहरूको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ। तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंको समुदायमा बाल विवाहसँग सम्बन्धित बालबालिका विरूद्ध कस्ता प्रकारका हिंसा हुन्छ या देख्नु भएको छ ? तपाईं र तपाईंका साथीहरूले कसरी आफुलाइ बाल विवाहबाट जोगाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्तो श्रोत उपलब्ध छन् ?

# हेपाई



# समस्या

बालबालिकालाई जिस्क्याउनु, कुरा काट्नु, धम्काउनु, वा नाम काड्ेर बोलाउनु बालबालिका माथि हुने एक किसिमको हिंसा हो जसलाई हेपाई अथवा सताउने कार्य पनि भनिन्छ । अरू भन्दा भिन्न हुनु वा कम सक्षम हुनु हेपाईको कारण बन्नु हुँदैन । सबै बालबालिकाले सम्मानपूर्ण व्यवहार पाउनु उनीहरूको अधिकार हो ।

# चुनौती

तपाईंको विद्यालयमा हुने हेपाइको बारेमा जनचेतना अभिवृद्धि गर्नुहोस् । यसका लागि तपाईंले निम्न प्रकारका सुझावहरूलाई प्रयोग गर्नसक्नु हुनेछः

- हेपाइको बारे प्रस्तुतिकरण तयार पारी तपाईंको कक्षाका साथीहरू सामु प्रस्तुत गर्न सक्नु हुन्छ । बालबालिकामाथि हुने हेपाई वा सताउने कार्यमा बालबालिकाको धारणा वा सोचको बारेमा सो विद्यालयको वयस्कहरूलाई बुझाउन वा जानकारी दिनको लागि प्रस्तुतिकरणको बेलामा शिक्षक, विमर्शकर्ता (सल्लाह दिने व्यक्ति) र प्रशिक्षकलाई निमन्त्रणा दिन नभुल्नुहोला ।

- यदि तपाईंको कम्प्युटर र इन्टरनेटमा पहुँच छ भने यस समस्याकोलागि ब्लग तयार गरी त्यसमा प्रकाशित गर्न सक्नु हुन्छ ।

- तपाईंका साथीहरूसँग हेपाई र यसलाई रोक्ने उपाय बारे छलफल गर्न सक्नुहुन्छ । उनीहरूलाई आफ्नो अरू साथीसँग पनि यसबारे छलफल गर्नको लागि आग्रह पनि गर्न सक्नुहुन्छ ।



# तपाईंको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ। तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंको समुदायमा बालबालिकासँग सम्बन्धित के कस्तो हेपाई वा सताउने कार्य देख्नु भएको छ ? तपाईं र तपाईंका साथीहरूले कसरी हेपाईबाट आफुलाई जोगाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्ता श्रोत उपलब्ध छन् ?

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

# गालिगलौज



## समस्या

गालिगलौज बालबालिका विरूद्ध हुने एक किसिमको हिंसा हो । बालबालिकाहरूलाई विद्यालय वा अरू कुनै ठाउँमा कराउनु वा कुनै प्रकारको अनावश्यक दोष लगाउनु हुँदैन । बालबालिकासँग सम्मानपूर्ण एवंम मायालु व्यवहार गरिनु पर्दछ ।

## चुनौती

तपाईंको विद्यालय वा समुदायमा मौखिक दुर्व्यवहारका बारेमा जनचेतना बढाउन सक्नुहुन्छ । यसका लागि तपाईंले निम्न प्रकारका सुझावहरूलाई प्रयोग गर्नसक्नु हुनेछः

- मौखिक दुर्व्यवहारका बारेमा प्रस्तुतिकरण तयार पारि आफ्नो साथीहरूमाझ प्रस्तुत गर्नुसक्नुहुन्छ ।
- सम्मानका साथ कसरी पढाउन सकिन्छ भन्नेबारे शिक्षकहरूसँग वैठक बस्न सक्नुहुन्छ ।
- विद्यालयबाट निकालिने र्‍यालीकोलागि प्लेकार्ड तयार पार्नसक्नुहुन्छ ।



# तपाईंहरूको कार्यपत्र

तपाईंलाई थाहा छ । तपाईंमा इच्छा जागेको छ। तपाईंलाई यस विरूद्ध केही काम गर्न मन छ । यहाँ भएको खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस । तपाईंले यी कुराहरू पनि सोच्न सक्नुहुन्छः तपाईंको समुदायमा बालबालिका विरूद्ध हुने के कस्ता मौखिक दुर्व्यवहारको घटनाहरू देख्नु भएको छ ? तपाईं र तपाईंका साथीहरूले कसरी आफुलाई मौखिक दुर्व्यवहारबाट जोगाउन सक्नुहुन्छ ? तपाईंको समुदायमा तपाईंको मद्दतको लागि के कस्ता श्रोत उपलब्ध छन् ? आलोचना